# कम्पनी निर्देशिका, २०६५

नेपाल सरकार

उद्योग मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

# कम्पनी रजिष्ट्रारको कार्यालयले जारी गरेको निर्देशिका

कम्पनी ऐन, २०६३ को कार्यान्वयन तथा कम्पनी प्रशासन सम्बन्धी कार्य प्रभावकारी एवं व्यवस्थित रुपमा सम्पादन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी कम्पनी रजिष्ट्रार कार्यालयको रजिष्ट्रारले देहाय बमोजिमको निर्देशिका जारी गरेको छ :

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**कम्पनी निर्देशिका, २०६५**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "**ऐन**" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "**निर्देशिका**" भन्नाले कम्पनी निर्देशिका, २०६५ सम्झनुपर्छ ।

(ग) "**कार्यालय**" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(घ) "**सञ्चालन खर्च**" भन्नाले मुनाफा वितरण नगर्ने कम्पनीले सञ्चालन गर्ने कार्यक्रम वा परियोजनासँग प्रत्यक्ष सम्बन्ध नराख्ने घर भाँडा, पानी, बिजुली बत्ती, टेलिफोन, फ्याक्स, मसलन्द, छपाई, विज्ञापन, परामर्श खर्च, लेखापरीक्षण खर्च, मर्मत सम्भार जस्ता कार्यालय सञ्चालनसँग सम्बन्धित प्रशासनिक र यस्तै प्रकृतिका अन्य शिरोभार खर्च (ओभरहेड एक्सपेन्सेस्) सम्झनुपर्छ ।

(ङ) "**संस्थापना खर्च**" भन्नाले मुनाफा वितरण नगर्ने कम्पनीको स्थापना गर्ने क्रममा कार्यालयमा बुझाएको दर्ता शुल्क, कानूनी परामर्श शुल्क, प्रवन्धपत्र तथा नियमावली लगायतका कम्पनी संस्थापनाका लिखतहरु तयार गर्दा भएको खर्च जस्ता प्रारम्भिक खर्चहरु सम्झनुपर्छ ।

## परिच्छेद-२

## कम्पनीको संस्थापना

३. **संस्थापकहरुबीच भएको सम्झौताः** (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि "संस्थापकहरुबीच भएको सम्झौता" भन्नाले कुनै पब्लिक कम्पनीको संस्थापना तथा यसका संस्थापकहरुको आपसी सम्बन्धका बारेमा कम्पनी संस्थापना गर्नु अघि संस्थापकहरुबीच भएको सम्झौता सम्झनुपर्छ । त्यस्तो सम्झौता कम्पनीका संस्थापकहरुलाई मात्र लागू हुन्छ । कम्पनीलाई त्यस्तो सम्झौता लागू हुँदैन ।